# मालिका गाउँपालिका

## आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

## आ.व. २०८१/०८२ को लागि अध्यक्षद्वारा गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम

## "बजारमूखी कृषि, सर्भसुलभ स्वास्थ्य र शिक्षामा दिगो पूर्वाधार—अबको यात्रा युवा स्वरोजगार"

सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा ,बाबा, दाजुभाइ तथा दिदी बहिनीहरू, राजनीतिक दल लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी जलवायु उत्थानशील तथा दिगो आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

### विद्यमान परिवेश राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भिर बनाएको छ । आन्तरिक र वाह्य बसाई सराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तीव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृद्धको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः-

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्:

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

मौलिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत सम्भार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्र्इङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. वैज्ञानिक, जलवायु उत्थानशील तथा व्यवहारिक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
११. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
१२. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा को मापदण्ड अवलम्बन नगरी अत्यधिक दोहन रोक्नु ।
१३. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना पूँजीगत सम्पाति को लगत तयार गर्नु, मूल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधार : संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाई आदि**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितमूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरू, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरू, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरूले स्पट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम

नागरिकहरूले साथ सहयोग, सुझाव दिने हो । जनसहभागिता एवम् जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवम् स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवम् वित्तिय हस्तान्तरणको उच्चतम् र प्रभावकारी परिचालन एवम् उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिइनेछ ।

**लक्ष्यः**

आ.व. २०८१/८२ मा दिगो पूर्वाधार, प्रतिस्पर्धी शिक्षा, बजारमुखी कृषि, स्वास्थ्य बिमा अभियान, उद्यमशिलता प्रवर्द्धन र जलाधार क्षेत्र नियन्त्रण एवम् संरक्षण गर्ने।

**सभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०८१/०८२ का विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनोपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा सुरुवात गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।
२. शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवम् प्रवर्द्धन गरिने छ ।

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिचमा नै विद्यालय छोड्ने बालबालिकाहरूलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरूको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाइको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरूको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. विषयगत शिक्षकहरूको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरूको अनुभवलाई उपयोग गरिनेछ।

७. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

८. सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवम् शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

९. "उत्कृष्ट कृषि प्राविधिक शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्रासिका शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन सहकार्य र साझेदारी गरिनेछ।

१०.विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

११.शिक्षक तथा विद्यालय कर्मचारीहरूको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१२.शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक बिचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागू गर्ने नीति अवलम्बन गरिनेछ।

१३.सबै सामुदायिक विद्यालयहरूको गुणस्तर वृद्धि गर्न आवश्यक संस्थागत क्षमता विकासका लागि शिक्षक भ्रमण, तालीम, प्र.अ. हरूको त्रैमासिक समीक्षा, हरेक विद्यालयमा सूचना प्रविधि व्यवस्थापन लगायतको प्रबन्ध गरिनेछ ।

१४.आधारभुत सुविधा नभएका बाल विकास केन्द्रहरूको स्तरोन्नति गर्न आवश्यक बाल विकास सहजकर्ता तालीम, भौतिक पूर्वाधार सुधार, ब्यबस्थापन तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गराइनेछ ।

मौलिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

१५.विद्यालयको मागको आधारमा एक विद्यालय एक बगैंचा कार्यक्रम सञ्चालन गरिने छ।

१६.विगतका वर्षहरूमा सञ्चालित अन्तरविद्यालय स्तरीय प्रतिस्पर्धात्मक कार्यक्रमका साथै शिक्षकहरूको प्रतिस्पर्धात्मक कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

१७.गाउँपालिका भित्र नमूना आवासीय विद्यालय सञ्चालन गर्न आवश्यक तयारी गरिनेछ ।

१८.प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयमा **"सिक्दै कमाउँदै,कमाउँदै सिक्दै कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । साथै वडा तहसँगको समन्वय र सहजिकरणमा मालिका गाउँपालिका भित्रका विभिन्न विद्यालयका असल अभ्यास प्रवर्द्धन गरिनेछ ।

१९.दुर्गम तथा छरिएका बस्ती क्षेत्रमा आवश्यकता अनुसार **ठूला बिधालय, लिड (Lead) विधालय र आवासीय विधालय** विस्तार गर्ने कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

२०.सामुदायिक तथा संस्थागत विद्यालयहरूको नियमित अनुगमन, निरीक्षण, नियमन गरी शिक्षा तथा उपयुक्त पूर्वाधार निर्माण गर्न लगाइनेछ ।

२१.स्थानीय सँगको साझेदारीमा सामुदायिक विद्यालय एकीकरण तथा समायोजनलाई अभिप्रेरित गर्न प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ । निर्मित सामुदायिक शैक्षिक संस्थाको संरक्षण एवम् मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।

२२.बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिका पहिचान गरी अधिकार सुनिश्चितताका लागी नेपाल सरकारसँगको सहकार्य र उचित व्यवस्थापन गरिनेछ ।

२३.गरिब तथा विपन्न विद्यार्थीहरूको लागि Good neighbors international सँग सहकार्य गरी शैक्षिक सामग्री उपलब्ध गराइनेछ ।

२४.किशोरी अवस्थाका छात्राहरूको लागि आवश्यक पर्ने स्यानिटरी प्याड वितरण कार्यलाई थप व्यवस्थित गुणस्तरीय गरिनेछ।

२५.गाउँपालिका भित्रको भाषा, संस्कृती, भूगोल र राजनीतिको बारेमा अध्ययन अनुसन्धानको बारेमा शोध पत्र तयार गर्ने M.A, M. Phil & Ph. D को शोधार्थीलाई प्रोत्साहन गरिनेछ।

२६.प्रदेश सँगको सहकार्यमा विद्यालयमा आर्टिफिसिएल इन्टेलिजेन्ट, ब्लग चेन तथा साइबर सेक्युरिटी जस्ता नवीनतम सूचना प्रविधि सम्बन्धी विश्वव्यापी मान्यता प्राप्त हुने **"आई.सि.टि. बुट क्याम्प" (ICT Boot Camp)** सञ्चालन गरिनेछ ।

## ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई खल्ला बहुसांस्कृतिक र मगर सङ्ग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरू निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरूको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरूमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरूका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका अपरिवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम सँग आवद्ध गरिनेछ।

३. युवा उद्यमशीलता विकासका कार्यक्रमहरू मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५. विपन्न, गरिब र सुकुम्बासी परिवारका युवाहरूलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटी पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरू प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

६. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरू आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

७. युवा स्वरोजगार, उद्यमशीलता तथा कृषिमा युवाहरू आकर्षित गर्नको लागी सहुलियत कर्जाको पहुँच वृद्धि गरिनेछ।

८. लागू पदार्थ दुर्व्यसनी, लैङ्गिक हिंसा लगायत सबै खाले हिंसा विरुद्ध चेतना अभिवृद्धि गरिनेछ।

९. युवाहरूलाई खेलकुदमा सहभागी गराउन विविध खेलकुद कार्यक्रमको आयोजना गरिनेछ।

१०. **उच्च उचाइ खेल तालिम केन्द्र ( High Altitude Sports Training Center)** अध्ययन कार्यको सुरुवात गरिनेछ । साहसिक, मनोरञ्जनात्मक, परम्परागत, वैकल्पिक खेलकुद प्रतियोगिता आयोजना गरी गण्डकी प्रदेशलाई **खेलकुद पर्यटन केन्द्रका** रुपमा विकास गरिनेछ ।

११. वैदेशिक रोजगारीबाट फर्किएका युवालाई स्वरोजगार वा उद्यम व्यवसायमा जोडिन चाहेमा व्यावसायिक परामर्श , व्यावसायिक कर्जा उपलब्ध गराउन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. **"उद्यमी बनौः स्वदेशमा केही गरौं"** भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता विकास तथा प्रविधि सहितको स्वरोजगार हुने र स्थानीय कच्चा पदार्थमा आधारित उधोग सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । वैदेशिक रोजगारीबाट प्राप्त भएको सीप, पूँजी, प्रविधिलाई आयआर्जन र उद्यमसँग जोडिनेछ ।ग्रामीण क्षेत्रमा वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

## घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रमलाई विशेष प्राथमिकतासाथ अगाडि बढाइनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरूमा टोल विकास संस्थाहरूलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

७. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरूको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०.हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान सञ्चालन गरिनेछ।

११.गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरूलाई आ. व. २०८१/८२ भित्र बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका भित्र बसोबास गर्ने बिपन्न, गरिब,दलित र महिला स्वयम् सेविका को निःशुल्क स्वास्थ्य बिमाको कार्यक्रम सञ्चालन गरिनेछ।

२. नागरिकहरूलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरूको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरू सञ्चालन गरिनेछ।

७. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरूको सेवालाई प्रभावकारी तुल्याइनेछ।

८. स्वास्थ्य संस्थाहरूको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

९. स्वास्थ्य क्लिनिकहरूले प्रदान गर्ने आधारभुत सेवाहरूको शुल्कलाई नियमन गरिनेछ।

१०. अति गरीब तथा पछाडि परेका जनसमुदायहरू र ग बर्गको अपाङ्गतालाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

**च. सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी निति तथा कार्यक्रम**

१. समाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता लाई थप प्रभावकारी बनाउनको लागि तालिमम तथा अभिभुखिकरण कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिने छ ।

२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता व्यवस्थापन प्रणाली सेवा इकाइमा कार्यरत कर्मचारीहरूको तलब भत्ताको व्यवस्था गरिनेछ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितमूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य शृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका निजीक्षेत्र, र सहकारी

(समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा व्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले निजीक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास संवाद मञ्च गठन गर्नेछ ।

३. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तर्गत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टीकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन् ।

## क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यावसायिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

५. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरूलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच अनुदान दिइनेछ।

६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरू जोड्न पर्यटकीय सडक सञ्जाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

८. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
९. स्थानीय रक्सीलाई ब्रान्डिङ गर्न सम्भाव्यता अध्ययन र अनुसन्धान गरि कार्य प्रारम्भ गरिनेछ।
१०. आधुनिक प्रविधिको प्रयोग गरी स्थानीय रुपमा उत्पादित मदिराको गुणस्तर वृद्धि गर्दै ब्रान्डिङ गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।
११. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरूलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।
१२. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरूमाथि पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिटल डिस्प्ले / बिलबोर्ड राखिनेछ।
१३. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरूको वितरण गरिनेछ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. "किसान चौतारी जोतौं खेतबारी" भन्ने नाराका साथ बाझो जग्गा मा खेती गर्ने किसानलाई प्रोत्साहन गरिने छ।
२. रैथाने तथा स्थानीय बाली र पशुपन्छीको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन एवम् उपयोग सम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ । दिगो कृषि प्रणालीको विकासका लागि प्राङ्गारिक मलको उत्पादन र उपयोगलाई विशेष प्राथमिकता दिई प्राङ्गारिक खेती प्रवर्द्धन गरिनेछ ।
३. "खाऔं आफ्नो बारीको नखाऔं सिमा पारिको" भन्ने नाराका साथ उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरू पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरूमा व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यवसायिकरण गरिनेछ।
५. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नति गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
६. वितरणमुखी कार्यक्रमबाट प्रस्थान गर्दै अबका कृषि कार्यक्रमहरू ५ भिन्न भिन्न प्रकृतिका हुनेछन्: योजना, परियोजना, मिसन कार्यक्रम, प्रवर्द्धनात्मक, वितरण र क्षमता विकास । सबै प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लक्ष्य, उद्देश्य र तरिका पनि फरक फरक हुने हुँदा

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

७. पहिलो त्रैमासिकमा कार्यविधिहरू निर्माण गरिनेछ र कार्यान्वयनमा लगिनेछ । साथै अनुदान वितरणको लागि वैज्ञानिक वस्तुपरक मापदण्ड सहितको कार्यविधि तयार गरि लागु गरिनेछ ।

८. "हराभरा मालिकाको आधार, विस्तृत सिँचाइको पूर्वाधार" भन्ने अभिप्रायका साथ सामुदायिक उपभोगयोग्य संकलन (water reservoir) र वितरण (distribution network) का संरचनाहरू योजनावद्ध ढंगले निर्माण गरिनेछन् ।

९. माग र सम्भाव्यताका आधारमा कृषिजन्य उत्पादन तथा पशुपालनका पकेट क्षेत्र निर्धारण पश्चात स्रोत, साधन र उन्नत प्रविधिलाई एकत्रित गरि परियोजना ढंगले परिचालन गरिनेछ ।चक्लाबन्दी गरी सामूहिक र व्यवसायिक कृषि उत्पादन गर्ने क्षेत्रहरूमा मझौला प्रकृतिका सोलार जडित चिस्यान-कोठाहरु निर्माण कार्यलाई पाइलट प्रोजेक्टका रुपमा सञ्चालन गरिनेछन् ।

१०. "युवाको उर्जा मालिकाको औजार" भन्ने मिसन कार्यक्रम अन्तर्गत बाझो जग्गा सदुपयोगका गर्न पालिकाको मातहतमा खनजोतका लागि आवश्यक मेसिनरी औजारयुक्त कष्टम हायरिङ्ग सेन्टर स्थापना गरि उत्पादन भूमि खोजी रहेका वा उत्पादन क्षेत्र विस्तार गर्न चाहने युवाहरूलाई विशेष सहुलियतमा मेसिनरी उपकरणहरू करारमा उपलब्ध गराइनेछ ।

११. उचित तालिम र सहजिकरणका साथ कम आयतन उच्च मूल्य (Low volume high value) का बाली वस्तुको उत्पादन तथा बजार प्रवर्द्धनमा विशेष ध्यान दिदै लगिनेछ । ३ वटा म (प्राङ्गगारिक मल, मौरी र माटो) लाई प्रवर्द्धन गरिनेछ ।

१२. "दिवा खाजामा रैथाने बाली, ३ विद्यार्थी एक करेसा बारी" अभियान अन्तर्गत सामुदायिक विद्यालयमा दिदै आएको दिवा खाजामा रैथाने बालीका परिकार समावेश गर्न पहलकदमी गरिनेछ जसका लागि विद्यार्थीको सानो समूहलाई हेरचाह गर्ने र प्रयोग गर्ने हिसाबले विद्यालय नजिकै उपयुक्त आकारको करेसा बारी उपलब्ध गराइनेछ ।

१३. गाउँ टोलमा विद्धमान कृषिका समस्या हल गर्न, स्थानीय युवामा रैथाने ज्ञानको पुस्तान्तरण र आधुनिक कृषि कौशलको हस्तान्तरण गर्न तथा ति जोसिला र शिक्षित युवाहरूको मनोबल बढाउन आधुनिक टुकीको थालनी गरिनेछ जसको नाम जोसिला २५ हुनेछ । यस पद्धतिलाई व्यवस्थित गर्न आवश्यक नीतिगत र संस्थागत पहल गरिनेछ ।

१४. "निर्धक्क फलाउ सुनिश्चित छ खरिद" भन्ने अभियान अन्तर्गत भाँगो, टुसा, निउरो, टिमुर, सिस्नो, कोदो, उवा, जौ, फापर लागायतका उत्पादनलाई प्रोत्साहन गर्न उचित ब्रान्डिङका साथ buy-back guarantee को व्यवस्था मिलाइनेछ ।

१५. दुग्ध उत्पादनमा पालिकालाई आत्मनिर्भर एवम् व्यावसायिक बनाउन गाई, भैंसीको नश्ल सुधार एवम् उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई मिसन कार्यक्रमका रुपमा सञ्चालन गरिनेछ ।

१६. पालिका भित्रिने कृषि, पशुपन्छी, मत्स्य लगायत अन्य खाद्य सामग्रीको जाँचबुझ गरि अभिलेख राख्ने व्यवस्था र यस विषयमा तथ्याङ्क संकलन र अद्यावधिक कार्य गरिनेछ ।

१७. गाँजा खेतीको बारेमा अध्ययन अनुसन्धान गरिनेछ।

१८. कृषि तथा पशुपन्छीजन्य उपजको मूल्य श्रृंखला विकास, करार खेती प्रवर्द्धन, उत्पादनोपरान्त हुने क्षति न्यूनीकरणका लागि शीत भण्डार स्थापना तथा विस्तारलाई प्रोत्साहित गरिनेछ । सार्वजनिक निजी साझेदारीमा पशु बधस्थल स्थापना गरिनेछ ।

१९. कृषि प्रसे सेवामा कृषकको पहुँच अभिवृद्धि गरी व्यावसायिक कृषि तथा पशुपन्छी सम्बन्धी तालिम, स्थानीयस्तरमा उन्नत कृषि प्रविधि प्रदर्शन तथा **कृषकसंग विज्ञ** जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. खाली र बाँझो जग्गामा स्थानीय जलवायु सुहाउँदो उपयुक्त प्रजातिको पकेट क्षेत्र पहिचान गरी फलफूल सहितको **कृषि वन प्रणाली** विकास गरिनेछ ।

२१. सामुदायिक तथा निजी जग्गामा जडीबुटी सम्बन्धी परम्परागत ज्ञान सीपको अभिलेखीकरण गर्दै जडीबुटी खेती प्रवर्द्धन र प्रशोधन गर्न प्रोत्साहन गरिनेछ ।

२२. कृषकहरूको क्षमता विकास गर्न विभिन्न किसिमका तालिम तथा कृषक भ्रमणको व्यवस्था गरिनेछ ।

## ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरूको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरूको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरूको सुदृढिकरण गर्दै सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरू सम्प्रेषण गर्ने, गाउँपालिका निर्णय तथा सूचनाहरूमा सञ्चार संस्थाहरूको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय टिभी च्यानल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाइन पत्रिकाहरूको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइनेछ।

५. नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

३. स्थानीय तहका न्यायिक समिति तथा विधायन समितिको कामलाई प्रभावकारी बनाउन **कानुन सहजकर्ताको** व्यवस्था गरिनेछ । एवम् कानुन तर्जुमा र कार्यान्वयनमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

४. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरूलाई सङ्ग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

५. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ५. सार्वजनिक सेवा, सुशासन तथा क्षमता विकास सम्बन्धी निति तथा कार्यक्रम

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरूको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरू समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्य अगाडि बढाइनेछ ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेबसाइटमा प्रकाशित गरिनेछ ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

५. जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरू र सार्वजनिक स्थानहरूमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरूमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिइनेछ ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरूमा सि.सि. टि.भि. क्यामेरा जडान गरिनेछ ।

१०. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरूको अनधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरूलाई समेत संलग्न गराइनेछ।

१२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरूको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरूको संरक्षण गरिनेछ। त्यस कार्यको लागी १ जना अमिनको दरबन्दी सृजना गरिनेछ।

१३. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरूको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरूको रोजगार तथा सेवाको सुरक्षा र निजहरूको हित प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. मालिका गाउँपालिकाको बन तथा सिमानाको राजनीतिक रेखाङ्कन र नक्साङ्कन गरिने छ।

२. खानेपानीको जटिलतम समस्याको तत्कालीन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ । (NWASH) सँग सहकार्य गरिनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. सडक किनारा र सार्वजनिक स्थानहरूलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरूसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरूलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

७. प्लास्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लास्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

८. गाउँपालिकाका मुख्य स्थानहरूमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरू निर्माण तथा सञ्चालनलाई अभियानका रुपमा अगाडि बढाइनेछ।

९. **"एक घर एक धारा"** कार्यक्रम मार्फत पालिकाका सबै घरधुरीमा निजी धारा जडान गरिनेछ ।संघ र प्रदेश तहसँगको सहकार्यमा सूचना प्रविधिमा आधारित राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन प्रणालीमा लगत राख्ने तथा अभिलेखीकरण गर्न गण्डकी प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता कार्ययोजना तर्जुमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्पादनशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७. ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरूको अनधिकृत एवम् अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा सञ्चालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

९. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोध भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०. विपद्मा अध्यक्ष कार्यक्रम लागू गरि विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२. संवेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

१३. पालिका भित्रका सिमसार एवम् रामसार क्षेत्रमा प्रदेश र केन्द्रीय सरकार सँग समन्वय गरी संरक्षण, व्यवस्थापन र सौन्दर्यकरणका माध्यमबाट पर्यापर्यटन प्रवर्द्वन गरिनेछ । सडक किनारा हरित अभियान,वर, पिपल,समी रोपन अभियानलाई बृहत्तर रुपमा सञ्चालन गरिनेछ । भूमिगत जल पुनर्भरण र वन्यजन्तु वासस्थान व्यवस्थापनका लागि "एक सामुदायिक वनः एक पोखरी" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. जलवायु परिवर्तनबाट हुने नकारात्मक असर न्यूनीकरणका लागि, वन क्षेत्रको दिगो व्यवस्थापनबाट कार्वन उत्सर्जन न्यूनीकरण गर्दै, स्थानीय तह तथा विकास साझेदारसँगको सहकार्यमा जलवायु उत्थानशील पारिस्थिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह र साझेदार संस्थासँगको समन्वय र सहकार्यमा डढेलोको उच्च जोखिममा रहेको स्थानमा डढेलो न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ७.उर्जा तथा जलस्रोत

१. सामुदायिक लघु जलविधुत योजनाको आवश्यकताका आधारमा निर्माण, मर्मत-सम्भार र राष्ट्रिय प्रसारण लाइन जडान कार्यलाई निरन्तरता दिइनेछ । सार्वजनिक कार्यालय, स्वास्थ्य संस्था, बर्थिङ्ग सेन्टर अध्ययन संस्थान आदिमा नियमित विद्युत् सेवा उपलब्ध गराउने उद्देश्यले संस्थागत सौर्य ऊर्जा जडानलाई निरन्तरता दिइनेछ ।

२. मालिका गाँउ पालिका भित्र रहेका नदि बाट १ मेघाबाट भन्दा कम क्षमताको जल बिधुत अध्ययन र उत्पादन अनुमति दिइनेछ।

३. सौर्य उर्जा उत्पादनमा निजी क्षेत्र र अन्य निकाय सहकार्य गरिने छ।

## ८. रोजगार सम्बन्धि निति तथा कार्यक्रम

१. गाउँपालिका भित्र सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई गाउँपालिकाबाट सञ्चालित आयोजनाहरूमा आवद्ध गराई रोजगार प्रदान गरिनेछ ।

२. गाउँपालिका अन्तर्गतको रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउदै संघीय सरकारको सहयोगमा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई आवद्ध गराई सञ्चालित आयोजनाहरूको दिगोपनका लागि गाउँपालिकाबाट लागत साझेदारी गरी प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।

३. वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूको श्रम स्वीकृतिका लागि गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रबाट निःशुल्क सहजीकरण गरिनेछ ।

४. गाउँपालिकामा रोजगारीको क्षेत्र, अवस्था र सम्भावना विश्लेषण गरि रोजगार रणनिति तर्जुमा तयार गरिने छ ।

५. कार्य स्थलमा मजदुरहरूको सुरक्षाको प्रत्याभूतिको लागि सुरक्षा सामाग्री साथै आयोजनामा संलग्न श्रमिकहरू सामूहिक दुर्घटना बिमा गर्ने थितिलाई निरन्तरता दिइनेछ ।

६. श्रम बजारलाई व्यवस्थित बनाउनका लागि संघ तथा प्रदेश तह र रोजगार सेवा केन्द्रसँगको समन्वयमा रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी बनाइनेछ । निजी क्षेत्रको सहकार्यमा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको सूचीकरण गर्ने कार्य प्रारम्भ गरिनेछ ।

## ९. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना र वस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरू सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवम् प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरू पहिचान गरी "आयोजना बैङ्क" तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरूमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दीर्घकालिक लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

६. एकीकृत शहरी तथा वस्ती विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरूको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिकाको विकासमा रूपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरू पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

८. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरूलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

९. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिइनेछ।

१०. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भूउपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाइका साथ लागु गरी सुरक्षित एवम् व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१२. गाउँपालिका भित्र भूउपयोग नीति लागू गर्दै जाने नीति लिइनेछ।

१३. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१४. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरूको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१५. निर्माणाधीन गाउँपालिका बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व. बाट प्रयोगमा ल्याइनेछ।

१६. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१७. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मूल्यांकन गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१८. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र सँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१०. **राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरू बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरू पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरूको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवम् करदातामैत्री तुल्याउँदै लगिनेछ।

९. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागू गरिनेछ ।

**धन्यवाद !!**

७ असार २०८१

बेग प्रसाद गर्बुजा

अध्यक्ष